# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद
## मधेश प्रदेश कार्यालय
## जनकपुरधाम, धनुषा

**डिप्लोमा तथा प्रमाण-पत्र तह र प्रि-डिप्लोमा तहको वर्गिकृत (निशूल्क) छात्रवृत्ति तर्फको रिक्त कोटामा उत्तिर्ण सूचीबाट भर्नाको लागि नतिजा प्रकाशन सम्वन्धी अत्यन्त जरुरी सूचना ।**

**प्रथम पटक प्रकाशित मिति : २०७८/१०/२४**

यस प्रदेश कार्यालय बाट शैक्षिक सत्र २०७८/०७९ मा डिप्लोमा / प्रि-डिप्लोमा वर्गीकृत छात्रबृति तर्फ रिक्त रहेको सिट/ कोटामा भर्नाको लागी विभिन्न मितिमा प्रकाशित सूचना तथा नतिजा प्रकाशित भई भर्ना सिफारिस गरिएको केहि सिटहरु अझै रिक्त रहन गएकोले रिक्त रहेको सिटमा भर्नाको लागि मिति २०७८।१०।१४ गतेको सूचना अनुसार निवेदन माग गरिएकोमा PCL Nursing बाहेकको कार्यक्रमहरुको लागि मिति २०७८/१०/१८ गते सम्म र PCL Nursing को लागि मात्र मिति २०७८/१०/२१ गते सम्म प्राप्त निवेदनको आधारमा उत्तिर्ण सूचिमा रहेका उम्मेदवारहरुलाई डिप्लोमा तथा प्रमाण-पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धी निर्देशिका २०७४ (चौथो संशोधन २०७८) र प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धी निर्देशिका २०७७, (पहिलो संशोधन २०७८) तथा सूचनामा उल्लेख भए अनुसार योग्यताक्रमको आधारमा भर्नाको लागि सिफारिश गरिएको व्यहोरा मिति २०७८।१०।२४ गतेको निर्णयानुसार सम्बन्धित सबैमा सूचित गरिन्छ । PCL Nursing बाहेकको कार्यक्रमहरुको लागि वर्गिकृत (निशूल्क) छात्रवृत्तिमा छनौट भएका मुख्य उम्मेदवारहरुले तोकिएको शिक्षण संस्थामा मिति २०७८/१०/२६ गते सम्म र PCL Nursing को लागि मात्र मिति २०७८/११/१ गते सम्म कार्यालय समयभित्र आफ्नो शैक्षिक योग्यताको सक्कल प्रमाण-पत्र, नागरिकता वा जन्मदर्ताको प्रमाण-पत्र, आफु वर्गिकृत छात्रवृत्तिको जुन समुहमा छनौट भएको हो सो को सक्कल प्रमाण-पत्रहरु र Online छात्रवृत्ति छनौटको आवेदन फाराम भर्दा प्राप्त भएको प्रवेश पत्र सहित सिफारिश गरीएको शिक्षण संस्थामा भर्ना भई सक्नु पर्ने छ । सम्वन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी उल्लेखित सूचना तथा निर्देशिका वमोजिम प्रशिक्षार्थीहरुको सक्कल शैक्षिक प्रमाण-पत्रहरु तथा लक्षित वर्गका प्रमाण-पत्रहरु रुजु गरी भर्ना गर्नु गराउनु हुन र तोकिएको मिति र समय भित्र भर्ना हुन नआई रिक्त रहेको कोटा, भर्ना हुन नआएको प्रशिक्षार्थीको नाम, अनुमति नं, वर्गिकृत छात्रवृत्तिको समुह (कोटा) समेत उल्लेख गरी ३ (तिन) दिन भित्र यस कार्यालयको ईमेल ठेगाना ctevt.province2@gmail.com र सो को वोद्यार्थ परिषद्, परीक्षा नियन्त्रण कार्यालय oce.ctevt@gmail.com मा अनिवार्य रुपमा पठाउनु हुन समेत अनुरोध छ । नतिजा हेर्नको लागि परिषद् प्रदेश कार्यालयको website: ctevtp2.org.np तथा परिषद् कार्यालयको website: ctevtexam.org.np मा हेर्नु हुन समेत सबैमा जानकारी गराईन्छ ।

निर्देशक
मधेश प्रदेश कार्यालय
जनपकपुरधाम, धनुषा